
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ३० गते आइतबार ❑ 15 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अव्यवस्थित सालिकले ट्राफिक व्यवस्थापनमा सकस

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

पोखराका मुख्य चोक र सडकमा रहेका अव्यवस्थित सालिकका कारण ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै आएको छ।

सडक सुरक्षासँगै बढ्दो जनघनत्व, सवारी चाप र सहरी सौन्दर्यलाई दृष्टिगत गरी एक वर्षअघि सालिक व्यवस्थापन तथा स्थानान्तरण गर्ने निर्णय गरेकामा कार्यान्वयन नहुँदा ट्राफिक व्यवस्थापन सकसपूर्व बन्दै आएको हो । पोखरामा पर्यटकको आगमन बढ्नुका साथै बढ्दो जनघनत्व र सवारी चापका कारण ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएकाले मुख्य सडक र चोकमा रहेका सालिक अन्यत्र स्थानान्तरण गर्नुपर्ने निर्णय भएको थियो । विसं २०८० साउनमा पोखरा महानगरपालिकाको अगुवाइमा बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले व्यस्त सडकमा भएका सालिक पोखरा-१८ जामुनबोटस्थित सहिद तथा विभूति उद्यानमा सार्ने निर्णय गरेको थियो ।

पोखरा-१ का वडाध्यक्ष सहारा प्रधानले महानगरमा क्रियाशील राजनीतिक दल, सरकारी निकाय तथा सरोकार भएका सङ्घ संस्थासँगको समन्वयमा एक महिनाभित्र सालिक व्यवस्थापन गर्ने भनिएकामा एकवर्षसम्म पनि उक्त निर्णय कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

"महानगरभित्रका सबै चोक र सडकमा रहेका सालिक जामुनबोटको सहिद उद्यानमा स्थानान्तरण गर्ने निर्णय भएकामा अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन", उहाँले भन्नुभयो, "सालिक सार्ने विषयमा पछिल्लो समय महानगर कार्यपालिकाको बैठकमा छलफल पनि भएको छैन ।" वडा नं १ हरिचोकमा सहिद हरिप्रसाद गुरुङको सालिक छ। वडाध्यक्ष गुरुङले सालिक व्यवस्थापन र स्थानान्तरण गर्ने कार्यमा सर्वदलीय र सर्वपक्षीय सहमति आवश्यक पर्ने भन्दै यसले ट्राफिक व्यवस्थापनमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख भानु शर्माले दीर्घकालीन रुपमा सालिकको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। "सालिक राखिएका स्थानमा ती संरचना नहुँदा सडक फराकिलो हुन्छ, व्यस्त चोकमा सालिकको ठाउँमा ट्राफिक आइल्याण्ड राख्न सकियो भने सवारी व्यवस्थापनमा पनि सहजता थपिन्छ", उहाँले भन्नुभयो, "सालिक भएकाले कतिपय स्थानमा ट्राफिक व्यवस्थापन गर्न कठिनाइ भइरहेकाले यसको दीर्घकालीन समाधान गर्न महानगरले योजना बनाउनुपर्छ।" अधिकांश सालिक राजमार्गका मुख्य चोकमा अवस्थित रहेका बताउँदै बढ्दो सवारी चाप र पार्किङ अभावका कारण पछिल्लो समय पोखराको ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको प्रमुख शर्माले उल्लेख गर्नुभयो । "कतिपय ऐतिहासिक व्यक्तित्वका सालिक रहेका ठाउँमा उनीहरुका जयन्ती वा अन्य कार्यक्रममा मानिसको घुइँचो हुँदा ट्राफिक व्यवस्थापनमा समस्या हुनाका साथै दुर्घटनाको जोखिम पनि बढ्छ", उहाँले भन्नुभयो ।

छ वर्षअघि सडकका सालिक हटाउन खोज्दा विभिन्न सङ्घसंस्था र समूहबाट विरोध भएपछि महानगरले जामुनबोटमा महानगरभित्रका सबै सालिक व्यवस्थापन गर्नेगरी सहिद तथा विभूति उद्यान निर्माण गरेको थियो । उक्त उद्यानमा पृथ्वीनारायण शाह, रवीन्द्र अधिकारी, भीमसेन दाहाल, योगेन्द्र शेरचनलगायतका सालिक राखिएका छन् ।

पोखराको व्यस्त पृथ्वीचोक, अमरसिँहचोक, विरौटाचोक, हरिचोकलगायत ठाउँमा अहिले पनि राष्ट्रिय विभूतिदेखि साहित्यकारसम्मका सालिक छन् । कतिपय सालिक संरक्षण र रेखदेखको अभावमा जीर्ण बन्दै गएका छन् । पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार भइरहेकाले सालिक केही ठाउँका सालिक तत्कालन व्यवस्थापन गर्नुपर्ने छ। पोखरा-१० अमरसिँहचोकमा रहेको राष्ट्रिय विभूति अमरसिँह थापा र वडा नं १६ अर्घौचोकमा रहेको साहित्यकार लेखनाथ पौडेलको सालिक सोही सडक खण्डमा पर्दछ छ । वडा नं ९ पृथ्वीचोकमा अहिले सहिद लखन थापाको सालिक छ । दोस्रो जनआन्दोलनका बेला पृथ्वीनारायण शाहको सालिक तोडफोड भएपछि उक्त स्थानमा लखन थापाको सालिक राखिएको थियो ।

## पोखरा उद्योग वाणिज्य संघको मतगणना आज

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं





पोखरा उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि शनिबार मतदान सम्पन्न भएको छ। संघको ३५ औं महाधिवेशन अन्तर्गत शनिबार मतदान भएको हो। जसमा २ हजार २ सय २७ मत खसेको निर्वाचन समितिले जनाएको छ । संघमा कुल २ हजार ६ सय ७६ जना मतदाता रहेकोमा ४ सय ४९ जना मतदाता अनुपस्थित रहेका छन् ।

मतदान सकिएपछि मुचुल्का गरिएको छ । मतदान सकिए लगत्तै उम्मेदवारहरुसहितको सर्वपक्षीय बैठकले मतगणना आइतबार मात्रै गर्ने निर्णय गरेको छ। यसअघिका वर्षहरुमा मतदान सकिएलगत्तै मतगणना गर्ने गरिएको थियो। तर यस वर्ष भने भोलिपल्ट मात्रै मतगणना गर्ने निर्णय भएको हो। मतगणना आइतबार विहान ८ बजेदेखि गर्ने निर्णय भएको संघका वर्तमान अध्यक्ष पवनकुमार प्रजापतीले जानकारी दिए।

संघको अध्यक्षका लागि गोकर्ण कार्की र अर्जुन पोखरेल प्रतिष्पर्धामा उत्रिएका छन् । कार्की वर्तमान कार्यसमितिका बरिष्ठ उपाध्यक्ष हुन् । उनी कार्यकारिणी सदस्य, उद्योग उपाध्यक्ष, बरिष्ठ उपाध्यक्ष हुँदै अध्यक्षका उम्मेदवार बनेका हुन् । पोखरेल भने अघिल्लो कार्यकालमा अध्यक्षका प्रत्यासी थिए । सदस्य, उपमहासचिव र महासचिव भएपछि अघिल्लो कार्यकालमा सिधै अध्यक्षमा लडेका उनी पराजित भएका थिए । तिनै पोखरेल दोश्रो पटक अध्यक्षमा चुनाव लड्दैछन् । संघको अध्यक्ष र उपमहासचिवबाहेक अन्य पदमा भने निर्विरोध निर्वाचित भइसकेका छन् । संघको बरिष्ठ उपाध्यक्षमा उत्तममान बुद्धाचार्य, उद्योग उपाध्यक्षमा दीनेशचन्द्र बास्तोला, वाणिज्य उपाध्यक्षमा बलराम आचार्य, महासचिवमा शोभा गौतम र कोषाध्यक्षमा मनोजकुमार श्रेष्ठ निर्विरोध निर्वाचित भईसकेका हुन् ।

संघको उपमहासचिवमा भने बालकृष्ण कोईराला र सुदीपमान प्रधानाङ्ग चुनावी मैदानमा छन् । कोईराला पोखरेल प्यानलका हुन् भने प्रधानाङ्गले स्वतन्त्र उम्मेदवारी दर्ता गरेका छन् ।

संघको खुल्ला १० सदस्यका लागि १४ जनाले उम्मेदवारी दिएका छन् । जसमा पोखरेल प्यानलबाट सौगात थापा, जीवनप्रकाश श्रेष्ठ, टिकाराम सुवेदी(माधव), प्रेमप्रसाद सुवेदी, यादवप्रसाद पोखरेल, लेखनाथ सुवेदी, दुधमान गुरुङ (आशिष), देवेन्द्र प्रजु, भीम गौतम, ललितबहादुर कुँवर उम्मेदवार छन् । त्यसबाहेक रामचन्द्र तिमिल्सिना (ढाकाटोपी बाजे), विष्णुप्रसाद तिमिल्सिना, प्रदीप राजभण्डारी, बिनोद केसी चुनावी मैदानमा छन् ।

## नेपाल इन्जिनियर्स एसोसिएसन गण्डकीको अध्यक्षमा जिसी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

इन्जिनियरहरूको छाता संस्था नेपाल इन्जिनियर्स एसोसिएसन गण्डकी प्रदेशको अध्यक्षमा सन्तोष जिसी निर्वाचित हुनुभएको छ।

यही भदौ २८ देखि सुरु भएको तेस्रो कार्यकारिणी समितिको अधिवेशनमा शनिबार सम्पन्न निर्वाचनबाट जिसी पाँच सय ९२ मतसहित विजयी हुनुभएको हो। उहाँका प्रत्याशी महेन्द्रबहादुर गोदारले चार सय ७६ मत प्राप्त गर्नुभयो । निर्वाचनमा नेपाली कांग्रेस निकट लोकतान्त्रिक र नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) निकट वामपन्थी/प्रगतिशील समूहबीच प्रतिस्पर्धा भएकामा लोकतान्त्रिक समूहले सबै पदमा जित हासिल गरेको हो। यसैगरी, नेपाल इन्जिनियरिङ एसोसिएसन केन्द्रीय कार्यकारिणी समितिका लागि भएको निर्वाचनमा गण्डकी प्रदेशबाट अवित केसी छ सय छ मतसहित विजयी हुनुभयो । उहाँका प्रत्याशी रामचन्द्र पोखरेलले चार सय ३९ मत पाउनुभयो।

गण्डकी प्रदेशको उपसभापतिमा विशाल थापा छ सय ६८ मत ल्याएर विजयी हुँदा प्रत्याशी कृष्ण रिजालले तीन सय ९० मत प्राप्त गर्नुभयो । सचिवमा निरोज लामिछाने छ सय छ मत ल्याएर विजयी हुनुभयो। उहाँका प्रत्याशी आनन्द भट्टराईले चार सय ४२ मत पाउनुभयो । सहसचिवमा मञ्जु शिलाकार पाँच सय २४ मत ल्याएर विजयी हुँदा प्रतिस्पर्धी अस्मिता खनालले पाँच सय २१ मत पाउनुभयो । कोषाध्यक्षमा विश्वास आचार्य पाँच सय ८५ मत ल्याएर विजयी हुँदा प्रत्याशी सोवित श्रेष्ठले चार सय ६९ मत प्राप्त गर्नुभयो । सदस्यहरूमा महेन्द्र पौडेल, सक्षम अधिकारी, सञ्जयराज तिमिल्सिना, रोचक क्षेत्री, ध्रुव रेग्मी, निरोज घिमिरे, लालबहादुर खत्री, मनोज गिरी, रमेश भट्ट र सुमन शर्मा विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ।

## तनहुँमा पुल तथा सडकका लागि एक अर्ब ३८ करोड बजेट

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं


गण्डकी प्रदेश सरकारले तनहुँमा पुल तथा सडक निर्माणका लागि चालु आर्थिक वर्ष २०८१/८२ मा रु एक अर्ब ३८ करोड ९७ लाख ८० हजार बजेट विनियोजन भएको छ।

प्रदेश सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जिल्लामा पुल तथा सडक निर्माणका लागि उक्त बजेट विनियोजन गरेको हो। कार्यालय प्रमुख रवीन्द्र तिवारीले १७ वटा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## ऐतिहासिक पदक विजेता पलेसालाई पोखरा महानगरले सम्मान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं



पेरिस ओलम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी तेक्वान्डो खेलाडी पलेसा गोवर्धनलाई पोखरा महानगरपालिकाले नगद सहित सम्मान गर्ने भएको छ।

नगर प्रमुख धनराज आचार्यका अनुसार पेरिस ओलम्पिकमा नेपाललाई ऐतिहासिक पदक दिलाउन सफल खेलाडी गोवर्धनलाई नगद रु.२ लाख २२ हजार २२२ सहित सम्मान गर्न लागिएको हो। आइतबार पोखरा रङ्गशालामा आयोजित एक कार्यक्रमका बिच पलेसालाई सो सम्मान प्रदान गरिने नगर प्रमुख आचार्यले जानकारी दिनुभयो । 'नेपालले लामो समयदेखि ओलम्पिक गेम्समा सहभागिता जनाउँदै आएको छ, प्रमुख आचार्यले भन्नुभयो, तर अहिले सम्म पदक तालिकामा नेपालको नाम चढेको थिएन, पलेसाले त्यसको अभावलाई सम्बोधन गर्ने स्थानमा पुर्‍याएकी छिन्, यो सिङ्गो मुलुकका लागि गर्वको विषय हो ।' पलेसा लगायत खेलाडीहरूको प्रोत्साहन र हौसलाका लागि पोखरा महानगरपालिकाले उनलाई सम्मान गर्न लागेको प्रमुख आचार्यले बताउनुभयो। 'हामीले यसअघि पोखरामा सम्पन्न नवौँ संस्करणको राष्ट्रिय खेलकुदमा सहभागी भई पदक जित्ने १९२ जना नगरवासी खेलाडीहरू, ३६ जनाटिमम्यानेजर र ४० जना प्रशिक्षकहरूलाई समेत नगद सहित सम्मान गरेका थियौँ, आइतबार पेरिस ओलम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी पारा तेक्वान्डो खेलाडी पलेसालाई सम्मान गर्दै छौँ, उहाँले भन्नुभयो, पोखरा महानगरपालिका सदैव राष्ट्रको गहनाका रूपमा रहेका खेलाडीहरूको साथमा रहनेछ।' समग्र खेलकुदको विकास, पूर्वाधार निर्माण, खेलाडीहरूको खेल कौशल तथा क्षमता विकास, विद्यालय तहका विद्यार्थीहरूको खेल प्रतिको रुचिको प्रवर्द्धन लगायत गतिविधिहरू सञ्चालन गर्न पोखरा महानगरपालिका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

नेपाललाई पारा ओलम्पिकमा ऐतिहासिक पदक दिलाएकी गोवर्द्धनले तेक्वान्दोको ५७ केजीभन्दा कम तौलको प्रतिस्पर्धामा सर्वियाली खेलाडीलाई पराजित गरी कांस्य पदक जितेकी थिइन् । पलेसा ओलम्पिक प्रतिस्पर्धामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन्। २०२१ को एसिया यूथ पारा गेम्समा स्वर्ण जितेकी पलेसा २०१० देखि तेक्वान्दो खेल्न थालेकी थिइन् ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# घनश्याम खड्काको 'आनन्द संहिता' को पोखरामा चर्चा

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं



र्‍यान्डम रिडर्स सोसाइटीले शनिवार पोखरामा घनश्याम खड्काको नवीनतम कृति 'आनन्द संहिता' को चर्चा गरेको छ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा कृतिमाथि संस्थाकै सहसचिव दीपक पराजुलीले अवधारणापत्र प्रस्तुत गरेका थिए। 'मिथ्या' उपन्यासका लेखकसमेत रहेका साहित्यकार पराजुलीले 'आनन्द संहिता' लाई स्वसहयोगी कृति मात्रै नभई पाठकलाई बोध र बुद्धत्वतर्फ अभिमुख गराउने चेष्टा गरिएको कृतिका रूपमा चित्रण गरे । 'यो पुस्तकमा घनश्याम दार्शनिक चिन्तकका रूपमा प्रस्तुत भएका छन् यद्यपि सारमा यो कृति आध्यात्मिक देशना हो, जसको प्राथमिक स्रोत हो बुद्ध दर्शन र साथमा गीता, उपनिषद्, योग र तन्त्र पनि जोडिएका छन् ।' पराजुलीले भने, 'यसको व्याख्याको केन्द्र भनेको मनोविज्ञान हो जसका लागि आत्मावलोकनदेखि ध्यानसम्मका साधनात्मक सुझावहरू यसमा पेस गरिएका छन् ।' उनले कृतिलाई मानसिक उपचारको सूत्रका रूपा चर्चा गरे । 'आनन्द संहिता' सुखतर्फ होइन आनन्दतर्फ अभिमुख हुन प्रेरणा दिने पुस्तक भएको तर्क गर्दै पराजुलीले यो कृति साधारण सिर्जना मात्र नभएर आध्यात्मिक चिन्तनको परिणाम भएकोमा जोड दिए । 'पाठकलाई बोधको तहमा लैजाने, आफैंभित्र शान्ति र सुन्दरता अनुभूत गराउने प्रयासमा लेखक सफल भएका छन् ।' उनको भनाइ थियो । पाठकका मनमा शान्तिको अनुभूति गराउने एउटा अमूल्य उपहारका रूपमा 'आनन्द संहिता' आएको बताउँदै कृतिको महत्त्व समयसँगै झनै बढ्दै जाने पराजुलीले निष्कर्ष सुनाए । लेखक खड्काले सबै मानिसले जुनसुकै माध्यमबाट भए पनि आनन्दको खोजी गर्ने र आनन्द प्राप्त गर्नका लागि आफूले बुझेका उपायहरूसहितका विचार पुस्तकमा प्रस्तुत गरेको बताए । 'फिलोसफी' र 'दर्शन' पर्यायवाची शब्दका रूपमा लिने गरिए पनि यसमा भिन्नता रहेको भन्दै खड्काले अरूमाथिको तर्कशास्त्र फिलोसफी र आफैंमाथिको ज्ञान र देखिएको यथार्थ विषयवस्तु प्रस्तुत गर्नु दर्शन भएको धारणा राखे । आजको शिक्षाले सुल्झाउनुपर्नेमा उल्झाइराखेको बताउँदै उनले आजका विद्यार्थीलाई 'माइन्डफुलनेस' को अभ्यासमा लगाउनु आजको आवश्यकता भएको सुनाए । 'आनन्द संहिता' स्वयम्को चिन्तन गर्नका लागि आग्रह गर्ने रचना भएको लेखक खड्काको भनाइ थियो । कान्तिपुर दैनिकमार्फत पत्रकारितामा समेत क्रियाशील खड्काको यसअघि बुद्ध दर्शनमा आधारित उपन्यास 'निर्वाण' (२०७२) सहित पुतलीको घर, न्यायको अवसान, दरबारको दुःखान्तलगायतका कृतिहरू प्रकाशित छन् । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पठन संस्कृतिले नै मानिसमा विवेक निर्माण गर्ने धारणा राखे । पढाउनुपर्ने र पढ्नुपर्नेले मात्र नभई आम मानिसले पढ्नुपर्ने भन्दै आचार्यले आफ्नो व्यक्तिगत पुस्तकालयमा आफूले पढेका थुप्रै पुस्तकहरू रहेको स्मरण गरे । पुस्तक व्यवसायमा संलग्न रहँदा पुस्तकसम्बन्धी नीति निर्माणका लागि आफू लागेको र राज्यको तहसम्म छलफल गरेको भन्दै उनले आज पाठ्यपुस्तकको मूल्यमा केही हदसम्म व्यवस्थापन भए पनि साहित्यिक कृतिको व्यवस्थापनका लागि कार्य गर्न बाँकी रहेको भनाइ राखे । घनश्याम खड्काको किताबले आनन्दित रहने कला सिकाउने विचार राख्दै व्यक्ति, वस्तु र परिस्थितिलाई स्वीकार गरे दुःख नहुने मेयर आचार्यले बताए । पठन संस्कृतिको विकासका लागि लाग्नुपर्ने उनको भनाइ थियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले लेखकहरू केवल लेखनमा मात्र लागेर नपुग्ने धारणा राखे । अरूले के लेखेका छन् भन्ने पढ्नुपर्नेमा जोड दिँदै सरुभक्तले आनन्द प्राप्त गर्ने शैलीअनुसार गुणस्तरमा फरक पर्ने बताए । मानवीय जीवनका सबै क्रियाकलापहरू मस्तिष्कको खेल भएको उनले बताए । आनन्दलाई आफूले अहमको तुष्टिसँग तुलना गर्ने गरेको उनले बताए । तनावग्रस्त विश्वलाई मुक्त गराउनका लागि 'आनन्द संहिता' जस्ता कृतिहरू आउनुपर्ने सरुभक्तले बताए ।

कार्यक्रममा सरस्वती प्रतीक्षा, बाबुराम सुवेदी, रामबहादुर माल, राममणि अधिकारी, श्रीकृष्ण पन्थीलगायतले कृतिकार र परिचर्चाकारलाई प्रश्न गरेका थिए । सोसाइटीको नियमित मासिक परिचर्चा कार्यक्रमको १०९ औं शृङ्खलाको सञ्चालन सचिव नेपालप्रकाश अधिकारीले गरेका थिए । संस्थाले हरेक महिनाको अन्तिम शनिवार कुनै कृति वा विषयवस्तुमाथि परिचर्चा गर्दै आएको छ ।

# पृथ्वीधर सिग्देल समाजको अध्यक्षमा मैया सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं



असल शिक्षक भए परिवार, समाजमा राम्रो वातवरण स्थापित हुन्छ । त्यसमा पनि महिला शिक्षक भए आमाको काख र गुरुआमाको भरीपूर्ण मया पाउँछन् । असल रुपी शिक्षक महिलाको ज्ञानले विद्यालय देखी समाजमा उज्यालै उज्यालो छर्दै जान्छ। त्यही ज्ञानले समाज मात्र नभै राष्ट्र र संसार उज्यालो हुदै गएको पाइन्छ। उज्यालो बनाउने क्रममा शिक्षकको सवै भन्दा ठूलो भुमिका रहन्छ। शिक्षाको महत्व बुझे मात्र त्यसको आवश्यक महशुस हुदैछ ।

कुनै समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाले सवै भन्दा ठूलो भुमिका खेलको हुन्छ। हरेक टोल टोलमा जाँदा तपाईंलाई सम्मानको गुच्छाले स्वागत हुन्छ जसको पछाडि तपाईंको शिक्षा सहितको नेतृत्व हो । शिक्षा रुपी मैया सिग्देल ४२ वर्ष शिक्षण पेसामा रही विद्यार्थी देखी समाजमा सवैको आँखाको नानी बन्न सफल छिन् । उनै मैया विस २०३७ माघ १५ गते नियुक्ती लिएर शिक्षा क्षेत्रमा प्रवेश गरेकी थिइन् । ४२ वर्ष जति शिक्षा क्षेत्रमा मैयाले अहोरात्र खटिएर वि.स. २०७९ भदौ १७ सम्म निवृत भइन् । आफ्नो बाबाले विहान वेलुका संस्कृत पढाएका देखेर हरेक दिन सुन्दै जाँदा आँफुलाई शिक्षण पेसामा तानेको भनिन् । १२ वर्षको उमेरदेखी अरुको दुःख देख्न नसक्ने मैयाले सवै शिक्षित भए समाज शिक्षित हुने मुल मन्त्र लिएर आजसम्म हिडेकी छिन्। सेताम्बे हिमाल झै टल्केकी, सदैव हँसिलो अनुहार रुपी र रिसाउनै नजान्ने उनी जीवनमा अहोरात्र हिड्दा हिड्दै पोखरा महानगरपालिका वडा नं १३ सिग्देलग्राम स्थित पृथ्वीधर सिग्देल समाजको अध्यक्षमा उनै मैया सिग्देल चुनिएकी छिन् । उनी समाजको इतिहासकै पहिलो महिला अध्यक्ष बनेकी हुन्। मैया पाँच वर्ष पहिला महिला तथा वाल कल्याण कुञ्जको अध्यक्ष पदको अनुभव, हाल परोपकार राष्ट्रिय महासंघ नारी एकाई समुह १३को अध्यक्ष, सिग्देल बन्धु प्रतिष्ठान नेपालको केन्द्रिय सदस्य र पृथ्वीधर समाजमा दुई कार्यकाल सचिव पद सफलता पूर्वक सम्पन्न गरेकी छिन् । शनिवार भएको समाजको आठौ वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले उनलाई अध्यक्ष पदमा चुनेको हो । समाजको उपाध्यक्षमा रमाकान्त सिग्देल, सचिवमा गोविन्द प्रसाद सिग्देल, कोषाध्यक्षमा सरिता सिग्देल(मिरा) चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश शान्तिदेवी सिग्देल, गृहलक्ष्मी सिग्देल, विसालक्ष्मी सिग्देल, डा.अर्जुन सिग्देल र सम्झना सिग्देल चुनिए। अधिवेशन सम्पन्न गर्नको लागि निर्वाचन समितिको संयोजकमा ज्ञानेन्द्र प्रसाद सिग्देल, सदस्यहरुमा क्रमश गोविन्द प्रसाद सिग्देल र सन्ध्या सिग्देल रहेका थिए। चौथो अधिवेशनमा समाजका जेष्ठ सदस्य दुर्गा प्रसाद सिग्देलले उद्घाटन गरेका थिए । कार्यक्रममा स्नातक तह वा सो भन्दा माथि उर्तिण समाजका सदस्यहरुलाई सम्मान गरिएको थियो। पृथ्वीधर सिग्देल समाजको अध्यक्ष अर्जुन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा समाजका तत्कालिन पूर्व अध्यक्ष सुरेन्द्र प्रसाद सिग्देल, पृथ्वीधर सिग्देल समाजको पूर्व अध्यक्ष कृष्ण प्रसाद सिग्देल, महिला तथा वाल कल्याण कुञ्जको अध्यक्ष रत्ना सिग्देल, समाजका सदस्य कुशल सिग्देल र सम्मानितको तर्फवाट डा अर्जुन सिग्देल लगायत वोलेको कार्यक्रममा समाजका उपाध्यक्ष केदारराज सिग्देलले स्वागत र सचिव मैया सिग्देलले संचालन गरेकी थिइन।

# मैनादेवी फाउण्डेसन नेपालको निःशुल्क आँखा शिविर

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं



मैनादेवी फाउण्डेसन नेपालले पोखरा वडा नं. १२ र हिमालयन आँखा अस्पतालको सहयोगमा अमरसिंह स्कूलमा चार सय भन्दा बढी विद्यार्थीहरूको लागि निःशुल्क आँखाको शिविर आयोजना गरेको छ।

वाल दिवसको अवसारमा सो कार्यक्रम गरिएको हो । पोखरा वडा नं. १२ का वडा अध्यक्ष सन्तोष बाँस्तोलाले बालक दिवसको महत्व र स्वास्थ्य सेवामा समुदायको योगदानको बारेमा चर्चा गरे । अध्यक्ष बाँस्तोलाले बालबालिकालाई स्वास्थ्य र शिक्षा क्षेत्रमा सहयोगको आवश्यकता रहेको खाँचो औलाउनु भयो। आँखा शिविरका कार्यक्रम संयोजक बसन्त कार्कीले आफ्नो सम्बोधनमा भने, "आजको कार्यक्रममा हामी स्वास्थ्यको महत्त्वपूर्ण पक्षमा ध्यान दिइरहेका छौं र भविष्यको यो पुस्ताको भलाइमा प्रतिबद्धता व्यक्त गर्दैछौं। दृष्टि हाम्रो अमूल्य उपहार हो र प्रत्येक बच्चाले संसारलाई स्पष्ट र सम्पूर्ण रूपमा हेर्ने अवसर पाउनु पर्छ भन्ने हाम्रो मान्यता हो ।" शिविरमा मैनादेवी फाउण्डेसनका अध्यक्ष दीपक पौडेल र अन्य सदस्यहरूको कठिन परिश्रम र समर्पणलाई पनि प्रशंसा गरिएको छ । मैनादेवी फाउन्डेसनका सबै टोली सदस्यहरूलाई धन्यवाद, जसले विद्यार्थीहरूको व्यवस्थापन र कार्यक्रमको सफलतामा महत्वपूर्ण भूमिका निभाएका थिए । तिनीहरूको लगनशिलता र कठिन परिश्रमले यो कार्यक्रमलाई व्यवस्थित र सफल बनाउन मद्दत पुर्याएको छ । शिविरले विद्यार्थीहरूलाई निःशुल्क आँखाको परीक्षण, परामर्श र सुधारात्मक चस्मा प्रदान गरेको थियो । हिमालयन आई अस्पतालका विशेषज्ञ चिकित्सकहरूले दृष्टि समस्याहरू पहिचान गर्न र आवश्यक उपचार प्रदान गर्न महत्वपूर्ण भूमिका निभाएका थिए । यो शिविरले विद्यार्थीहरूको स्वास्थ्यमा सुधार ल्याउन र तिनका भविष्यको शिक्षा अवसरलाई सहज बनाउन महत्वपूर्ण योगदान पुर्याएको छ।

# सुजल डेरीलाई पिसिसिआई एक्सेलेन्सी अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं



पोखरा उद्योग वाणिज्य संघले नियमित रुपमा प्रदान गर्दै आएको सर्बोत्कृष्ठ ब्यवसायी सम्मान पिसिसिआई एक्सेलेन्सी अवार्ड द्वारा यस पटक उद्योग तर्फ लक्ष्मी ग्रुप अन्तरगत को सुजल डेरी प्रा.लि. लाई प्रदान गरिएको छ।

पोखरा उद्योग वाणिज्य संघको ७०औ साधारण सभा तथा ३५औं महाअधिवेशनको उद्घाटन सत्रमा एक विशेष समारोहका विच सो अवार्ड वितरण गरिएको थियो । सुजल डेरी प्रा.लि.को तर्फबाट लक्ष्मी ग्रुप का कार्यकारी निर्देशक सुनिल श्रेष्ठले सो अवार्ड ग्रहण गरेका थिए । कार्यक्रममा समारोहका प्रमुख अतिथि पोखरा महानगरपालिका का प्रमुख धनराज आचार्य एवम् पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतिले माला, दोसल्ला, पुष्प गुच्छा र सम्मानपत्रले श्रेष्ठलाई सम्मान गरिएको थियो। अवार्ड वितरणको सो सत्रलाई पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष वसन्त उदासले संचालन गरेका थिए । उदास अवार्ड वितरणका लागि प्रतिष्ठान छनौट समितिका संयोजक समेत रहेको सो समारोहमा जानकारी गराईएको थियो । पोखरामा स्थापित विभिन्न औधोगिक तथा ब्यापारिक प्रतिष्ठानहरु मध्ये बाट उद्योग तर्फ उत्कृष्ठ एक र वाणिज्य तर्फ उत्कृष्ठ एक प्रतिष्ठानलाई सो अवार्ड प्रदान गरिंदै आएको समेत उक्त सत्रमा जानकारी गराईएको थियो।


## तनहुँ ...

सडक तथा पुलका लागि बजेट विनियोजन भएको जानकारी दिनुभयो । उहाँका अनुसार शालिग्राम कोरिडोर (दासढुङ्गा साधेबगर भतेरी खण्ड) का लागि रु २० करोड विनियोजन भएको छ।

रानीटारी हर्कपुर घुम्ती किल्चोक मानुङ छाडदेखि भिमाद सडकका लागि रु १८ करोड, दमौली बिसघरे झापुटार (सेती नदी सडक पुल) का लागि रु पाँच करोड, खुदीखोला कटुसे रह पक्की पुल बन्दीपुरका लागि रु तीन करोड, ढोरबाराही मार्ग (साँखे थुम्कीडाँडा खण्ड) कालोपत्रका लागि रु दुई करोड ५० लाख, बुद्धसिंह मार्ग (पहिलो खण्ड) बहुवर्षे योजनाका लागि रु दुई करोड ५० लाख, मानपुर डेडगाउँ (घिरिङ तनहुँदेखि बौदीकाली नवलपुर) सडकका लागि रु दुई करोड ५० लाख, शुक्लागण्डकी ५ र ८ जोड्ने सेती नदी पक्की पुलका लागि रु दुई करोड ५० लाख विनियोजन भएको छ । शुक्लागण्डकी १० र भिमाद ८ जोड्ने क्याङ्दी खोलाको पिप्लेमा सडक पुलका लागि रु दुई करोड ५० लाख, तल्लो डुम्रे मोटरेवल पुलका लागि रु दुई करोड ३६ लाख ८२ हजार, कुलुङ खोला पुल भिमाद १ डुम्रीवेशीका लागि रु दुई करोड १६ लाख ५६ हजार, झापुटार काहुँ मोटरमार्ग स्तरोन्नतिका लागि रु दुई करोड, सहिद लालध्वज मार्ग निर्माण तथा स्तरोन्नतिका लागि रु दुई करोड, भानु मार्ग चन्द्रावती पोखरीछाप पुलिमराङ हुँदै कुन्छाफेदी सडकका लागि रु दुई करोड, आँबु भाँगे छिम्केश्वरी हिलेखर्क मार्गका लागि रु दुई करोड, दुलेगौडा हर्कपुर मार्ग (वनकेवा मनपाङ रानीटारी खण्ड) कालोपत्रका लागि रु दुई करोड र सिन्धु मार्गका लागि रु दुई करोड विनियोजन भएको कार्यालयले जनाएको छ।

कार्यालयले गत आर्थिक वर्षमा १४ बहुवर्षीय योजना सम्पन्न गरेको थियो । त्यस्तै, ३९ बहुवर्षीय योजना सम्पन्न हुन बाँकी रहेको तिवारीले बताउनुभयो । उहाँका अनुसार सालबसाली सम्पन्न भएका योजना एक सय १९ छन् भने सालबसाली सम्पन्न नभएका १४ योजना छन् ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गोरखा मिलन समाजको अध्यक्षमा अग्रीम श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

गोरखा मिलन समाज पोखराको अध्यक्षमा अग्रीम श्रेष्ठ चयन भएका छन् । शनिबार भएको समाजको २५ औं साधारणसभा तथा १३ औं अधिवेसनबाट श्रेष्ठको नेतृत्वमा १९ सदस्यीय कार्यसमिति चयन गरिएको हो । उपाध्यक्षमा सन्तबहादुर लामिछाने, महासचिवमा शित्तल श्रेष्ठ, सचिवमा गीता खनाल, कोषाध्यक्षमा शेरबहादुर राना र सहकोषाध्यक्षमा धिरज श्रेष्ठ चयन भए ।

सदस्यहरुमा ऋषि गिरी, सुवास अंगाई, ललिता श्रेष्ठ, हिरामाया रेग्मी, बिपिन श्रेष्ठ, भोजबहादुर अधिकारी, सुजन भट्टराई, रोशनी थापा मगर, मिलन बाबु सुनार, कल्पना थापा, अमृता गिरी र बिकल श्रेष्ठ चयन भएका निर्वाचन समिति संयोजक तिलक तिवारीले जानकारी दिए । अधिवेसनपछि नवनिर्वाचित अध्यक्ष श्रेष्ठले आगामी २ वर्षको कार्ययोजना प्रस्तुत गरेका थिए । उनले सबै गोरखालीहरुलाई एकताबद्ध बनाउन प्रयत्न गर्ने बताए । त्यसअघि अधिवेसनको उद्घाटन गर्दै गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गोरखाली कसैले पनि शीर भुकाउन नपर्ने गरी काम गर्ने बताए । 'गोरखा जिल्लाबाट निर्वाचित सांसद र अहिलेको मुख्यमन्त्रीको जिम्मेवारी बहन गर्दै गर्दा कुनै पनि नराम्रो काम मैले गरेको छैन । अहिलेसम्म यो अवधीमा तपाईंहरुले मेरो कामबाट शीर भुकाउन परेको छैन,' उनले भने, 'सकेसम्म राम्रो गरेर जान्छु । नभएपनि शीर भुकाउने काम गर्ने छैन । या मेरो प्रतिवद्धता तपाईंहरुमाभ्र गरें ।' मुख्यमन्त्री पाण्डेले बिगतका वर्षहरुमा भन्दा आफू मुख्यमन्त्री भएपछि गोरखामा बजेट र कार्यक्रम धेरै गएको बताए । 'अघिल्लो ५ वर्षमा भन्दा मेरो कार्यकाल सुरु भएपछि यो डेढ वर्षमा बढी बजेट जिल्लामा गएको छ । अझै धेरै काम गर्न बाँकी छ,' उनी भन्छन्, 'तपाईंहरुको सल्लाह र सुझाव अनुसार हामी काम गर्छौं । जिल्लाको विकासमा तपाईंहरुले पनि चासो दिनुपर्‍यो ।'



गण्डकी प्रदेका सभामुख कृष्ण प्रसाद धितालले पोखरामा रहेका गोरखालीलाई समाजले एकताबद्ध गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । उनले समाज र गोरखाली प्रत्येक व्यक्ति आपसमा परिपुरक भएको बताए । 'यो समाजको काम देशमै उल्लेख्य छ । अझै राम्रो कामको अपेक्षा गरेको छु,' उनले भने, 'समाजको विगतको विरासतलाई जोगाउन नयाँ समितिले पनि जिम्मेवारी वहन गरोस् ।' उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री फणिन्द्र देवकोटाले गोरखाको समग्र बिकास सहितको समृद्ध गण्डकी प्रदेशको परिकल्पना बोकेर काम गरिरहेको बताए । उनले समाजले गरेका धेरै कार्यहरुमा सहभागी भएको र यसबाट गोरखालीसँग आत्मियता बढेको बताए । पूर्व मन्त्री हरिशरण आचार्यले गोरखाको बिकासको लागी मुख्यमन्त्री, सभामुख र मन्त्री समेत गोरखाबाट प्रतिनिधित्व गर्ने भएकोले एकीकृत योजना लिएर चल्नुपर्ने सुझाव दिए । त्यसमा समाजले जोड दिनुपर्ने उनको तर्क छ । कार्यक्रममा पूर्व अध्यक्ष इन्जिनियर इश्वर चन्द्र देबकोटा, स्मारिका प्रकाशन संयोजक सूर्य क्षेत्री, संस्थापक सचिव गणेश श्रेष्ठ लगायतले समाजको कामप्रति प्रशंसा गरेका थिए । सोही अवसरमा समाजले रजत जयन्तीको अवसरमा प्रकाशन गरेको स्मारिका पनि विमोचन गरिएको छ । कार्यक्रममा समाजले विभिन्न शीर्षकमा स्थापना गरिएको छात्रवृत्ति वितरण गरिएको छ । उच्च शिक्षा अध्ययनका लागि १० जना बिद्यार्थीहरुलाई जनही १० हजारका दरले छात्रवृत्ति वितरण गरिएको अध्यक्ष कोपीला श्रेष्ठले जानकारी दिइन् । उनले आफ्नो कार्यकालमा सम्पादन गरेका कामबारे कार्यक्रममा प्रस्तुती राखेकी थिइन् । श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव सन्तबहादुर लामिछानेले गरेका थिए ।

# लोकदोहोरी गीत प्रतिष्ठानबाट मन क्षेत्री र नन्दमाया दुरा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेशले पब्लिक फोरके टेलिभिजनका प्रबन्ध निर्देशक मन क्षेत्री र लमजुङे ठाडोभाका गायिका नन्दमाया दुरालाई नगदसहित सम्मान गरेको छ ।

प्रतिष्ठानको छैटौं वार्षिक साधारणका अवसरमा प्रबन्ध निर्देशक क्षेत्रीलाई स्वर्गीय तीर्थसागर सुवेदी स्मृति पत्रकारिता पुरस्कार र दुरालाई स्वर्गीय नरबहादुर परियार स्मृति कलाकारिता पुरस्कारबाट सम्मान गरेको हो । क्षेत्री र दुरालाई नगद ५ हजार ५ सय ५५ सहित सम्मान गरिएको प्रतिष्ठानका सचिव रामजी पौडेलले जानकारी दिए । उनीहरुलाई प्रतिष्ठानका पूर्व केन्द्रीय अध्यक्ष प्राज्ञ प्रजापति पराजुलीले नगदसहित सम्मानपत्र प्रदान गरेका हुन् । कार्यक्रममा वरिष्ठ गायकगायिका पुरुषोतम न्यौपाने, हरिदेवी कोइराला, शान्ति गुरुङ, जीवन दाहाल, घनश्याम रिजाल, शंकरविरही गुरुङ र कुमार पुनसहित सहभागी थिए । साधारण सभाबाट सांगठिक र आर्थिक प्रतिवेदन पारित भएको सचिव पौडेलले जानकारी दिए । कार्यक्रममा गण्डकीका ९ जिल्लाका प्रतिष्ठानका प्रतिनिधि सहभागी थिए ।

# बागलुङमा घर भत्काउने क्रममा एकको मृत्यु, ११ जना घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं

बागलुङको बुर्तिबाङमा घर भत्काउनेक्रममा च्यापिएर एक जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् । जिल्लाको ढोरपाटन नगरपालिका-१ बुर्तिबाङ बजारमा घर भत्काउने क्रममा ५५ वर्षीय बेगबहादुर विकको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक प्रताप पौडेलका अनुसार पुनः निर्माणका क्रममा एक्कासी घर भत्किँदा काम गरी रहेका घर धनी विक सहित अन्य ११ जना मजदुर घाइते भएका थिए ।

विकको उचारका क्रममा बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा निधन भएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो ।

# एन प्याब्सनमा श्रुतिलेखन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं



एन प्यानव्सन कास्कीले आयोजना गरेको दोस्रो नेपाली पठन सिप एवम् श्रुतिलेखन प्रतियोगितामा कान्तिपुर एकेडेमी प्रथम भएको छ ।

प्रतियोगितामा युनिभर्स इङ्लिस स्कुल द्धितीय, रत्न ज्योति मावि तृतीय, फेवा वोडिङ स्कुल चौथा तथा वागमारा एकेडेमी र अल्फा वोडिङ स्कुल सान्त्वना भएका छन् । प्रतियोगितामा विजयी विद्यालयका विद्यार्थीलाई पुरस्कार वितरण गर्दै प्रमुख अतिथी शिक्षा विकास तथा समन्वय इकाइ कास्की प्रमुख लोकनाथ आचार्यले संस्थाका हरेक गतिविधि उत्कृष्ट रहेको बताउनुभयो । 'एन प्याब्सन कास्कीको मेजेरिटीले यस संस्थामा आवद्ध विद्यालयको पढाइ, परीक्षा र हरेक गतिविधिमा एकरुपता छ त्यसैले पनि यस संस्थाका गतिविधि उत्कृष्ट छन्' आचार्यले भन्नुभयो,' आगामि दिनमा यस्ता कार्यक्रम निरन्तरता दिन अनुरोध गदर्छु ।' प्रतियोगितामा एन प्याब्सनमा आवद्ध ३४ विद्यालयका विद्यार्थीको सहभागिता रहेको एन प्याब्सन कास्कीका कार्यसमिति सदस्य तथा कार्यक्रम संयोजक हरिराज अधिकारीले जानकारी दिनुभयो ।

विद्यार्थी आतरिक प्रतिभा प्रष्फुटन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिनुभयो ।

'पढाइका अलवा एन प्याब्सनमा आवद्ध विद्यालयका विद्यार्थीको प्रतिभा उजागर संस्था फरक फरक कार्यक्रमहरु सञ्चान गर्दै आएको छ' अध्यक्ष अधिकारीले भन्नुभयो,'हरेक कार्यक्रममाविद्यालयबाटविद्यार्थीको सहभागिताले हाम्रा कार्यक्रम सफल भएको महशुस भएको छ ।' उहाँले आगामि दिनमा पनि संस्थाले आयोजना गर्ने कार्यक्रम यस्तै खालको सहभगिताको अपेक्षा गरेको बताउनुभयो ।

एन प्याब्सन कास्कीले अतिरिक्त कार्यक्रम बाहेर हरेक वर्ष वृहत शैक्षिक प्रदर्शनी र वृहत खेलकुद महोत्सव गर्दै आएको कार्यसमिति सदस्य विक्रम सुवेदीले जानकारी दिनुभयो । यस वर्ष भने संस्थाले खेल क्षेत्रलाई मध्येनजर गर्दे वृहत खेलकुद महोत्सव सञ्चालन गर्ने भएको छ ।


## भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भीरकोट नगर अस्पताल
## भीरकोट नगरपालिका-१, हेलु स्याङ्जा

### अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिदको सिलबन्दी दरभाउपत्रको सूचना

**शिलबन्दी दरभाउ पत्र नं. ०१/०८१/०८२** **प्रथम पटक प्रकाशित मिति २०८१/ ०५/३०**

यस भीरकोट नगरपालिकाद्धारा सञ्चालित भीरकोट नगर अस्पतालमा आ.ब. ०८१/०८२ का लागि आवश्यक पर्ने औषधी एवं सर्जिकल, ल्याब, यु.एस.जी, डेन्टल, एक्सरे, विल छपाई तथा स्टेशनरी र सरसफाई सम्बन्धी सामानहरु फरक फरक प्याकेज मार्फत सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । निम्नानुसार तोकिएको शर्तहरुमा रहि दरभाउपत्रमा भाग लिन ईच्छुक नेपाली नागरिक, फर्महरुले दरभाउपत्र पेश गर्नुहुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

१. दरभाउपत्र फारम माग गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, संस्था तथा कम्पनीमा दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र, आ.व ०८०/०८१ सम्मको लागि व्यवसायिक प्रमाण पत्र नविकरण भएको प्रमाण पत्र र आ.व २०७९/०८० सम्मको कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरि रु १०/-को टिकट टाँसी निवेदन दिनुपर्नेछ ।
२. दरभाउदाताले दर्ता प्रमाणपत्रमा स्वीकृत व्यवसाय बमोजिम फरक फरक प्याकेजको शिलबन्दी दरभाउपत्रमा भाग लिन पाउनेछ ।
३. दरभाउपत्र फाराम प्याकेज बमोजिम भर्नुपर्नेछ । प्याकेज बमोजिम छुट्टाछुट्टै शिलबन्दी दरभाउ अनुसार फरक फरक प्याकेजको फरक फरक दरभाउपत्रबाट सबै भन्दा कम मूल्य र प्रवाभग्राही फर्म वा व्यवसायको दरभाउ पत्र समितिबाट स्वीकृत गरिनेछ ।
४. दरभाउपत्र फारम रु. १०००/-(एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी तिरी यस भीरकोट नगर कार्यपालिका कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
५. खरिद भएका दरभाउपत्र यस सूचना प्रकाशित भएको मितिले १६ औं दिन को १२.०० बजे भित्र रितपुर्वक सहिछाप गरिएको शिलबन्दी दरभाउपत्र यस नगर कार्यपालिका कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु लगत्तै अस्पतालका कर्मचारी प्रतिनिधि र दरभाउपत्रवाला वा निजका प्रतिनिधिको उपस्थितिमा यस अस्पतालमा खोलिने छ । शिलबन्दी भाउपत्रवाला वा निजका प्रतिनिधिको उपस्थिती नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधापर्ने छैन ।
६. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिनेछ ।
७. दरभाउपत्र फारममा मु.अ.कर बाहेकको दररेट अंक र अक्षरमा स्पष्टसँग लेख्नुपर्नेछ ।
८. कुनैपनि दरभाउपत्र आंशिक वा पूर्णरुपले स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने अधिकार यस अस्पताललाई हुनेछ ।
९. रित नपुगी वा म्याद नाघि वा शिलबन्दी नभई आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
१०. दरभाउपत्रदाताले कबोल गरेको रकमबाटै यस अस्पतालको स्टोरमा औषधी एवं सर्जिकल सामानहरु बुझाउनु पर्नेछ ।
११. सम्झौता अवधिभर कुनै मूल्यवृद्धि दिईने छैन ।
१२. पेश हुने औषधी तथा सर्जिकल सामानहरु उत्पादक कम्पनि WHO, ISO, GMP सर्टिफाईड हुनुपर्नेछ ।
१३. उपयुक्त बुदाँहरुमा उल्लेख नभएका कुरा वा शर्तहरुको हकमा प्रचलित आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली २०६४ अनुसार हुनेछ ।
१४. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा यस अस्पतालको फोन नं.९७४८४३३६४६/९८६०८२२०४३ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

**अस्पताल प्रमुख**
**भीरकोट नगर अस्पताल**


# माछापुच्छ्रे गापामा बाल संवाद कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भदौं



माछापुच्छ्रे गाउँपालिका महिला तथा बालबालिका शाखाको आयोजनामा "बालबालिकामा लगानी सुनिश्चितः मविष्यको थालनी" भन्ने नाराका साथ ६० औं राष्ट्रिय बाल दिवस २०८१ विषेश बाल संवाद कार्यक्रम शनिवार सम्पन्न भएको छ ।

नेपालले संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धिलाई २०४७ भदौ २९ गते अनुमोदन गरेको दिनलाई राष्ट्रिय बाल दिवसका रुपमा मनाइँदै आएको छ । संवाद कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयका विद्यार्थीहरुको प्रतिनिधिमुलक सहभागिता रहेको थियो । सहभागि विद्यार्थीहरुले आधारभुत आवश्यकताहरु माया, ममता, संरक्षण, स्वस्थ वातावरण,उचित पोषण, शिक्षा, शिक्षक र अध्यन्रत विद्यालयको भौतिक अवस्था र कठिनाई साथै विकासका अवसरमा पाउनु पर्ने आफ्ना नैसर्गिक अधिकारको विषयमा भोग्नु परेका समस्यको उठान संगै स्थानीय निकायबाट समाधानको लागि अनुरोध गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका उपाध्यक्ष सिता अधिकारीले संवाद कार्यक्रममा उठेका जटिल समस्यालाई प्राथामिकता आधारमा स्थानीय सरकाले आवस्यक सहजिकरण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरु बाल आधारभूत सिद्धान्त विपरी हुन नहुनेमा जोड दिनुभयो ।

गाउँपालिका प्रमुख प्रसाशकीय अधिकृत गोपीकृण्ण अर्याल, शिक्षा शाखा सहायक विष्णु प्रसाद अधिकारी, आर्थिक विकास समिति संयोजक एवं वडा न.८ का अध्यक्ष राम ब. गुरुङले सुभकामना व्यक्त गरेका थिए । सामाजिक विकास समिति संयोजक एवं वडा न. ९ का वडा अध्यक्ष हरि ब. क्षेत्री, वडा न. ४ का अध्यक्ष मधुसुधन अधिकारी, बाल अधिकार समिति सदस्य गोविन्द अधिकारी, सुमिता भण्डारीको विषेश उपस्थिति रहेको थियो । कार्यक्रममा एस.ई २०८० मा उत्कृष्ठ नतिजा प्राप्त गर्न सफल निस्पक्ष मा.विका पर्बत दाहाल र माछापुच्छ्रे मा.विका सौगात रेग्मीलाई सम्मान गरिएको थियो । विद्यालय शिक्षक,शिक्षिहरुको कुर्चि धुमाई प्रतियोगितामा शिक्षक तर्फ माछापुच्छ्रे मा.विका शिक्षक मिलन मजाकोटीले प्रथम, भुमेश्वर आ.विका शिक्षक नवराज गौतम द्धितिय, सारदा मा.विका शिक्षक दिपेन्द्र लम्सालले तृतिय पुरस्कार प्राप्त गर्नभयो । शिक्षिका तर्फ जनजागरण आ.वि शिक्षिक डिलमाय ढकाल प्रथम, अन्नपुर्ण आ.वि शिक्षिका बुद्धि कुमारी गुरुङ द्धितिय र जनकल्यण आ.वि कि शिक्षिका रुपा अधिकारी तृतिय पुरस्कार प्राप्प गर्नुभयो । माछापुच्छ्रे गाउँपालिका बाल सन्जालका अध्यक्ष आसिक परियारको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत प्रशासकिय अधिकृत गोपिकृण्ण अर्याले र संचालन महिला तथा बालबालिका शाखा प्रमुख ज्योति पौडेलले गर्नभयो ।